# National News

15/04/2026

प्रमुख समाचारहरु

1) प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा  आज कर्नाटकको मण्ड्या नजिकै अदिचुञ्चनगिरी मठमा गुरु भैरवैक्य मन्दिरको उद्घाटन |

2) भारतीय जनता पार्टीका वरिष्ठ नेता सम्राट चौधरीद्वारा  आज बिहारको  नयाँ मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण ।

3) पश्चिम एशियामा उत्पन्न संकटबीच, देशभरि  घरेलु एलपीजीको शतप्रतिशत आपूर्ति सुनिश्चित गरेको केन्द्र सरकारद्वारा जानकारी

4) केन्द्रीय माध्यमिक शिक्षा बोर्डद्वारा कक्षा १० को बोर्ड परीक्षा २०२६ को परिणाम घोषित|

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा  मन्दिरको उद्घाटन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कर्नाटकको मण्ड्या नजिकै अदिचुञ्चनगिरी मठमा गुरु भैरवैक्य मन्दिरको उद्घाटन गर्दै देशलाई *विकसित भारत* बनाउने लक्ष्यसहित नागरिकहरूलाई नौ क्षेत्रमा जीवन समर्पित गर्न आह्वान गर्नुभयो। उहाँले समाजका लागि जीवन अर्पण गर्ने सन्त र साधुहरूको दृष्टिकोणलाई स्मरण गर्दै, यदि यी नौ अभियानलाई जनजीवनमा उतार्न सकिए भने भारत छिट्टै विकसित राष्ट्र बन्ने विश्वास व्यक्त गर्नुभयो।
प्रधानमन्त्रीले पानीको संरक्षण, वृक्षारोपण, सफाई, स्वदेशी  वस्तु को प्रयोग , स्वदेश पर्यटन, जैविक  खेती, स्वस्थ जीवनशैली, अपनाउनु पर्ने मा जोड दिनुभयो , उहाँले खेलकुद तथा फिटनेसलाई दैनिक जीवनको हिस्सा बनाउनुपर्ने अनि   सेवा भावलाई अन्तिम अभियानका रूपमा  प्रस्तुत गर्दै गरिब  वर्गप्रति करुणा र सहयोग देखाउन नागरिकलाई आह्वान गर्नुभयो। यसअघि प्रधानमन्त्रीले रोड शोमा सहभागिता जनाउनुभयो। उहाँले *सौन्दर्य लहरी* र *शिव स्तोत्रम्* नामक दुई पुस्तकको पनि लोकार्पण  गर्नुभयो।

सम्राट चौधरीद्वारा  नयाँ मुख्यमन्त्रीको शपथ ग्रहण ।

भारतीय जनता पार्टीका वरिष्ठ नेता सम्राट चौधरीले आज बिहारको नयाँ मुख्यमन्त्रीको रूपमा शपथ लिनुभयो। लोक भवन, पटना मा आयोजित कार्यक्रममा राज्यपाल लेफ्टिनेन्ट जनरल (अवकाशप्राप्त) सैयद अता हसनैनले उहाँलाई पद तथा गोपनीयताको शपथ दिलाउनुभयो।

सम्राट चौधरी बिहारका चौबीसौं मुख्यमन्त्री बन्नुभएको छ , उहाँ शीर्ष पदमा पुग्ने पहिलो भाजपा नेता पनि हुनुहुन्छ।
जनता दल (युनाइटेड) का वरिष्ठ नेता विजय कुमार चौधरी र बिजेन्द्र प्रसाद यादवलाइ उपमुख्यमन्त्रीको जिम्मेवारी सुम्पिएको छ ।
शपथ ग्रहण समारोहमा जेडीयूका राष्ट्रिय अध्यक्ष तथा पूर्व मुख्यमन्त्री नितीश कुमार, वरिष्ठ भाजपा नेता जे. पी. नड्डा, भाजपा राष्ट्रिय अध्यक्ष नितिन नवीनसहित अन्य प्रमुख नेताहरूको उपस्थिति थियो।

<u>एलपीजीको शतप्रतिशत आपूर्ति : सरकारद्वारा जानकारी</u>

पश्चिम एशियामा उत्पन्न संकटबीच भारत सरकारले देशभरि घरेलु एलपीजीको शतप्रतिशत आपूर्ति सुनिश्चित गरेको छ। नयाँ दिल्लीमा आयोजित अन्तर–मन्त्राल पत्रकार सम्मेलनमा पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले जानकारी दिँदै भन्नुभयो देशभर एलपीजीको आपूर्ति सामान्य रहेको र एलपीजी सिलिन्डरको अनलाइन बुकिङ ९८ प्रतिशतसम्म पुगेको छ।
सुजाता शर्माले थप जानकारी दिँदै भन्नुभयो , मार्च महिनाको मध्यदेखि अहिलेसम्म एक लाख ३४ हजार टनभन्दा बढी व्यावसायिक एलपीजी वितरण गरिएको र चार लाख पचास हजार पीएनजी कनेक्शन जारी गरिएको छ । एलपीजी सिलिन्डरको कालोबजारी रोक्न आवस्यक कदम उठाईएको, जानकारी दिनु भयो |

<u>छत्तीसगढ़ सरकारले समान नागरिक संहिता</u>

छत्तीसगढ़ सरकारले राज्यमा समान नागरिक संहिता लागू गर्ने दिशा तर्फ एक महत्वपूर्ण कदम उठाएको छ। आज मुख्यमन्त्री विष्णु देव साईको अध्यक्षतामा सम्पन्न मन्त्रिपरिषद् बैठकमा यस सम्बन्धमा निर्णय गरिएको हो। बैठकले सेवानिवृत्त न्यायाधीश रञ्जना प्रकाश देसाईको अध्यक्षतामा एक समिति गठन गर्ने निर्णय गरेको छ। उक्त समिति समान नागरिक संहिताको प्रारूप तयार गर्ने जिम्मेवारी पाउनेछ।

<u>CBSE : २०२६ को परिणाम घोषित|</u>

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (CBSE) ले २०२५–२०२६ शैक्षिक सत्रको कक्षा १० बोर्ड परीक्षाको नतिजा घोषणा गरेको छ। बोर्डका अनुसार यस वर्षको समग्र उत्तीर्ण प्रतिशत ९३.७० प्रतिशत रहेको छ,

यस वर्ष पनि छात्राहरूले उत्कृष्ट प्रदर्शन गर्दै ९४.९९ प्रतिशत उत्तीर्ण दर हासिल गरेका छन्। छात्रहरूको उत्तीर्ण दर ९२.६९ प्रतिशत रहेको छ | क्षेत्रीय नतिजामा त्रिवेन्द्रम र विजयवाडा क्षेत्रले ९९.७९ प्रतिशत उत्तीर्ण दरसहित उच्चतम स्थान हासिल गरेका छन्।

विद्यार्थीहरूले आफ्नो नतिजा cbse.gov.in, results.cbse.nic.in तथा cbseresults.nic.in जस्ता आधिकारिक वेबसाइटहरूमा हेर्न सक्नेछन्। साथै, डिजिलॉकर र उमंग एपमार्फत पनि नतिजा उपलब्ध गराइएको छ।

अमित शाहद्वारा  जनसभालाई भर्चुअल सम्बोधन

वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज माल्दाबाट भर्चुअल रूपमा दार्जिलिङ्को लेबोंग  मैदानमा आयोजित जनसभालाई सम्बोधन गर्नुभयो।खराब मौसमका कारण उहाँको हेलिकप्टर अवतरण गर्न नसकेपछि उहाँले माल्दाबाट भर्चुअल माध्यममार्फत जनतालाई सम्बोधन गर्नुभयो। पार्टीका उम्मेदवारहरूको समर्थनमा आयोजित सभामा उहाँले पश्चिम बंगालमा गोर्खा समुदायको मुद्दा संविधानको ढाँचाभित्र समाधान गरिने आश्वासन दिनुभयो। साथै, भाजपा सत्तामा आएपछि गोर्खा समुदायका मानिसहरूविरुद्ध दायर गरिएका झूटा मुद्दा फिर्ता लिइने बताउनुभयो।

श्री शाहले गोर्खा समुदायको अधिकार र न्याय सुनिश्चित गर्न भाजपा प्रतिबद्ध रहेको उल्लेख गर्दै, राज्यमा परिवर्तन ल्याउन भाजपा लाई समर्थन दिन आह्वान गर्नुभयो।

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले –AI

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले भन्नुभएको छ ,  शासनको साँचो उद्देश्य जनता सशक्त बनाउनु र कुनै पनि वर्ग वा क्षेत्र विकासबाट वञ्चित नहोस् भन्ने सुनिश्चित गर्नु हो। भारतीय लोक प्रशासन संस्थानको ७२औं स्थापना दिवस तथा सुशासनका लागि कृत्रिम बुद्धिमत्ता विषय,  पाँचौं डॉ. राजेन्द्र प्रसाद वार्षिक स्मृति व्याख्यानमा बोल्दै उहाँले समाजका सबै वर्गलाई विकासमा सहभागी गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

श्री राधाकृष्णनले कृत्रिम बुद्धिमत्तालाई एक शक्तिशाली प्राविधिक  उपकरणका रूपमा वर्णन गर्दै यसले, विकसित भारत निर्माणमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले भविष्यका चुनौतीहरूलाई प्रभावकारी ढंगले सामना गर्न सम्पूर्ण समाजलाई तयार पार्नुपर्ने महत्त्वमा पनि प्रकाश पार्नुभयो। विकसित भारतको अभियानमा  कृत्रिम बुद्धिमत्ताले  नीति र जनता बीच सेतुको काम गर्नेछ र सार्वजनिक सेवा वितरणमा सुधार ल्याउनेछ भनि आशा व्यक्त गर्नुभएको छ ।

प्रतिभा पाटिलले : महिला आरक्षण

भारतकी प्रथम  महिला राष्ट्रपति प्रतिभा पाटिलले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेखी महिला आरक्षण पहलप्रति आफ्नो समर्थन व्यक्त गर्नुभएको छ। उहाँले संसद तथा राज्य विधानसभामा महिलाहरूको बढ्दो उपस्थिति विधायी छलफलमा विविध दृष्टिकोण ल्याउने र नीतिगत निर्णयहरूलाई अझ सन्तुलित तथा सहानुभूतिपूर्ण बनाउने विश्वास व्यक्त गर्नुभयो।
श्रीमती  पाटिलले भन्नुभएको छ,यो कानूनले महिलाहरूको अपार क्षमता औपचारिक रूपमा मान्यता दिन्छ र शासनका उच्चतम तहमा उनीहरूको नेतृत्वका लागि संस्थागत मार्ग प्रशस्त गर्छ।

अमरनाथ यात्रा

अमरनाथ यात्राका लागि पंजीकरण आजदेखि सुरु भएको छ। जम्मुस्थित संवाददाताका अनुसार ठूलो संख्यामा श्रद्धालुहरू पंजीकरणका लागि जम्मुमा स्थापना गरिएका केन्द्रहरूमा पुगेका छन्। अग्रिम पंजीकरण अनलाइन र अफलाइन दुवै माध्यमबाट भइरहेको छ। ५७ दिन लामो यो यात्रा अनन्तनाग र बालतल दुबै मार्ग हुँदै आगामी ३ जुलाईमा सुरु हुनेछ र २८ अगस्त, रक्षा बन्धनको दिन सम्पन्न हुनेछ। यात्राको लागि पंजाब नेशनल बैंकलाई नोडल बैंकको रूपमा तोकिएको छ। यस यात्रामा देशका विभिन्न भागबाट लाखौं श्रद्धालु सहभागी हुने अपेक्षा गरिएको छ। सुरक्षा व्यवस्थासहित आवश्यक पूर्वाधार र सुविधाहरूको तयारीमा प्रशासन जुटिरहेको छ।

बेरोजगारी तथ्याङ्क

सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयद्वारा जारी मासिक श्रम बल तथा बेरोजगारी तथ्याङ्क अनुसार देशमा १५ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूको बेरोजगारी दर मार्च महिनामा बढेर ५.१ प्रतिशत पुगेको छ। यो दर यस वर्ष फेब्रुअरीमा ४.९ प्रतिशत थियो।
यी तथ्याङ्कहरूले ग्रामीण र शहरी दुवै क्षेत्रमा रोजगारीका अवसरहरूमा दबाब बढिरहेको संकेत गरेको छ ।